आज मिति २०७६/०५/२६ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका, गोरखाका नगर प्रमुख श्री राजनराज पन्तज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो । बैठकमा निम्नानुसारका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उपप्रमुख | श्री विना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल बहादर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| | अन्य उपस्थिति | | |
| २६ | इ.अ. इन्जि | निश्चल अर्याल | |
| २७ | अधिकृत छैठौं (प्रशासन) | चेत प्रसाद अधिकारी | |
| २८ | ओभरसियर | प्रकाश ढकाल | |
| २९ | | | |

Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रिथ्वीडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय मिति:२०७६।०५।२६

नगरकार्यपालिका बैठक २०७६।०५।२६ मा छलफल हुने प्रस्ताव तथा निर्णयहरु :

प्रस्तावहरुः

१. आर्थिक वर्ष २०७५।०७६ को कार्यक्रमको समीक्षा ।

२. उपभोक्ता समिति गठन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा ।

३. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने कार्यविधि, २०७४ को दफा ३ को उपदफा २ मा उल्लेख भएको "...... प्राप्त करचुक्ता प्रमाण पत्र" भन्ने वाक्यांशमा आ.व. नखुलको अघिल्लो आ.व.को शब्द थप गर्नु पर्ने ।

४. नगर दररेट कायम गर्ने सम्बन्धमा ।

५. नगर विकास कोषको साझेदारीमा सञ्चालित निम्नानुसारका योजनाहरुको जानकारी सम्बन्धमा ।

(क) बहुउद्देश्यीय भवन निर्माण कार्य गो.न.पा. ६ र ७

(ख) मनकामना आवासीय बहिरा माध्यामिक विद्यालयमा छात्रा आवास भवन निर्माण गर्ने कार्य ।

६. उपभोक्ता हित संरक्षण समितिमा रहने कार्यपालिका सदस्यमध्येबाट एक जना महिला सहित ३ जना सदस्य मनोनयन सम्बन्धमा ।

७. डेंगु रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।

८. न्यायिक समितिमा पेश भएका जटिल केशहरु सम्बन्धमा ।

९. उजुरी प्रशासक तोक्ने सम्बन्धमा ।

१०.संविधान दिवस मनाउने सम्बन्धमा ।

११. आँखा जाँच शिविर सञ्चालन गर्न यस नगरपालिका र लायन्स क्लबसँग भएको सम्झौताको जानकारी सम्बन्धमा ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु कार्यान्वयन गर्नका लागि तपशीलका कार्यविधि निर्माण गर्ने सम्बन्धमा

(क) दफा ११ को उपदफा (२) को खण्ड (ञ) को उपखण्ड (६) मा रहेको स्थानीयस्तरको व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन

(ख) दफा ११ को उपदफा (४) को खण्ड (ठ) संघ, संस्था दर्ता तथा नवीकरण सम्बन्धमा ।

(ग) दफा ११ को उपदफा (५) को खण्ड (घ) लघु, घरेलु तथा साना उद्योग सम्बन्धमा ।

१३. विविध

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
नगर प्रमुख



Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हुम्रिङ्गाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय मितिः२०७६।०५।२६

**निर्णयः**

निर्णय नं. १.

प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को आर्थिक प्रगति देहायबमोजिम रहेको छ :

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा उपभोक्ता समितिबाट हुने विकास निर्माण तथा क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी वित्तीय पारदर्शिता र नियमितता कायम गर्नका लागि १४ वटै वडाहरुमा रहेका उपभोक्ताहरुलाई योजना कार्यान्वयन, प्रशासनिक तथा आर्थिक प्रक्रियाका विषयमा जानकारी दिनको लागि मिति २०७६।०६।१५ गते भित्र उपभोक्ता समिति गठन गरी त्यस पश्चात् अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

प्रस्ताव नं. ३. मा छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने कार्यविधि, २०७४ को दफा ३ को उपदफा २ मा उल्लेख भएको **"...... प्राप्त करचुक्ता प्रमाण पत्र"** भन्ने वाक्यांशमा आ.व. नखुलकोले म्याद सकिएको ३ महिना भित्र इजाजत पत्र नवीकरण गर्न आउने निर्माण व्यवसायीहरुको इजाजत पत्र नवीकरण गर्न कठिनाई भएकोले प्राप्त करचुक्ता प्रमाण पत्र भन्ने वाक्यांशको शुरुमा **अघिल्लो आर्थिक वर्षको** शब्द थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४. मा छलफल गर्दा आ.व. २०७६।०७७ मा नगरपालिका क्षेत्र भित्र निर्माण हुने विभिन्न भौतिक पूर्वाधारका संरचनाहरु तथा सामाजिक विकाससँग सम्बन्धित योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि जिल्ला दररेट निर्धारण समितिले आ.व. २०७६।०७७ को लागि निर्धारण गरेको जिल्ला दररेटलाई नगर दररेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

प्रस्ताव नं. ५ मा छलफल गरी यस नगरपालिका र नगर विकास कोषको साझेदारीमा सञ्चालित निम्नानुसारका योजनाहरुको जानकारी गराइयो ।

(क) बहुउद्देश्यीय भवन निर्माण कार्य गो.न.पा. ६ र ७ को लागि मिति २०७६।०५।०१ गते सम्झौता भएको र जसको कूल लागत ५,४६,९२,०००।- (पाँच लाख छयालीस लाख बयानब्बे हजार) रहेको छ ।

(ख) मनकामना आवासीय बहिरा माध्यामिक विद्यालयमा छात्रा आवास भवन निर्माण गर्ने कार्यको लागि कूल लागत रु. ३१,२९,०००।- (एकतीस लाख उनान्तीस हजार रुपिया) रहेको जसमा नगर विकास कोषबाट रु.२४,०८,०५०।- (चौबिस लाख आठ हजार पचास र नगरपालिकाबाट रु. ७,२०,९५०।-सात लाख बीस हजार नौ सय पचास) व्यहोर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
नगर प्रमुख



Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय मिति:२०७६।०५।२६

निर्णय नं. ६.

प्रस्ताव नं. ६ मा छलफल गरी यस नगरपालिकाको उपभोक्ता हित संरक्षण समितिमा रिक्त पद मध्ये कार्यपालिका सदस्यमध्येबाट एक जना महिला सहित ३ जना सदस्य मनोनयन गर्नुपर्ने व्यवस्था अनुसार तपशील बमोजिम ३ जना सदस्य मनोनयन गरियो:

(क) श्री विष्णु प्रसाद श्रेष्ठ, वडाध्यक्ष, वडा नं. ७

(ख) श्री रन्जिला श्रेष्ठ, नगरकार्यपालिका सदस्य,

(ग) श्री गिता थापा मगर, नगरकार्यपालिका सदस्य ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा डेंगु रोगबाट प्रभावित हुनेको संख्या बढिरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त रोग लाग्नबाट बच्न तथा रोग लागिसकेपछि समयमै उपचारको व्यवस्था मिलाउनका लागि नगरपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरी नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा सो रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८.

प्रस्ताव नं. ८ मा छलफल गरी न्यायिक समितिमा पेश भएका जटिल केशहरुको बारेमा छलफल गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गरी गोरखा नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ अनुसार उजुरी प्रशासकको जिम्मेवारी यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले नै बहन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

१०. जिल्ला समन्वय समितिको प्रमुख श्री अशोक कुमार गुरुङज्यूको अध्यक्षतामा गठित संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिको मिति २०७६।०५।२५ को निर्णयानुसार यही २०७६ असोज २, ३ र ४ गते संविधान दिवसलाई राष्ट्रिय दिवसका रुपमा भव्यता र व्यापकताको साथ मनाउने सम्बन्धमा पारित कार्यक्रम र कार्यविभाजनमा उल्लेखित कार्यक्रमहरुको बारेमा जानकारी उक्त कार्यक्रममा सबै जना सहभागी हुने निर्णय गरियो ।

कार्यक्रमहरु:

२०७६।०६।०२ गते सरसफाई कार्यक्रम

२०७६।०६।३ गते प्रभातफेरी



कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
नगर प्रमुख

Scanned by CamScanner

निर्णय मिति:२०७६।०५।२६

२०७६।०६।२ र ३ गते सामी दिपावली तथा दिप प्रज्वलन

२०७६।०६।२, ३ र ४ गते ब्याडमिन्टन खेल

निर्णय नं. ११

प्रस्ताव नं ११ मा छलफल गर्दा आँखा जाँच शिविर सञ्चालन गर्न यस नगरपालिका र लायन्स क्लब अफ गोरखासँग मिति २०७६।०५।१२ गते बिहिबार भएको सम्झौताको विषयमा जानकारी गराई उक्त सम्झौतामा उल्लेख भएबमोजिम सबै वडाको भौगोलिक अवस्था तथा जनघनत्वलाई मध्यजनर गरी नगरपालिकाको सम्पूर्ण स्वास्थ्य संस्था र सामुदायिक माध्यामिक विद्यालयहरुमा आँखा शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु कार्यान्वयन गर्नका लागि तपशीलका कार्यविधि निर्माण गर्नका लागि कार्यालयले मस्यौदा तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।।

(क) दफा ११ को उपदफा (२) को खण्ड (ञ) को उपखण्ड (६) मा रहेको स्थानीयस्तरको व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन

(ख) दफा ११ को उपदफा (४) को खण्ड (ठ) संघ, संस्था दर्ता तथा नवीकरण सम्वन्धमा ।

(ग) दफा ११ को उपदफा (५) को खण्ड (घ) लघु, घरेलु तथा साना उद्योग सम्वन्धमा ।

१३. विविध

(क) मिति २०७६।०५।२५ गते सम्पन्न लिगलिगकोट -सिरानचोककोट- गोरखा दरबार म्याराथन दौड २०७६ मा सहभागी तथा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

(ख) मिति २०७५।०८।२० को निर्णय नं. ७ मा गोरखा नगरपालिका वडा नं. ११ मा हाट बजार सञ्चालन गर्नका लागि सार्वजनिक जग्गा व्यवस्थापन गर्ने निर्णय भएअनुसार वडा नं. ११ साविक तारानगर ५ मा रहेको कित्ता नम्बर ४८० को १०-७-२-२ को सार्वजनिक खाली जग्गा उक्त प्रयोजनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner